नेपाल विद्युत प्राधिकरण
आयोजना व्यवस्थापन निर्देशनालय
सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग
मातातिर्थ, काठमाडौं

# घरभाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०३।१५**

नेपाल विद्युत प्राधिकरण, कोहलपुर - नेपालगंज १३२ के.भी. प्रशारण लाईन आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन इकाई (ESMU) स्थापना गर्न तपशिलमा उल्लेखित क्षेत्र/स्थानमा घर व्रहालमा लिनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनीले तपशिलमा उल्लेख भएको सर्त बमोजिमको सुविधा उपलब्ध गराउने गरी सम्पूर्ण कागजातहरु सहितको शिलबन्दी प्रस्ताव पेश गर्नको लागि आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा देहायका विवरणहरु स्पष्ट खुलाइ मासिक भाडा रकम (कर समेत) उल्लेख गरी निम्न ठेगानामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१.क्षेत्र/स्थानः

बाँके जिल्ला, नेपालगंज उप-महानगरपालिका, वडा नं. १८ को कारकाँदो बाइपास आसपास क्षेत्र।

२. न्यूनतम आधारभूत कुराहरुः

- भाडामा लागि प्रस्तावित फ्ल्याट कम्तिमा १०७० वर्ग फिट बराबरको क्षेत्रफल भएको।
- RCC Frame Structure भएको।
- पानीको पर्याप्त श्रोत भएको।
- कम्तिमा १ वटा गाडी तथा २ वटा मोटरसाईकल पार्किङ्ग स्थल भएको।
- कम्तीमा १ वटा शौचालय भएको।

३. प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः

- घर भएको क्षेत्र स्पष्ट हुने गरी सोको लोकेशन म्याप (नक्शा)।
- घर वा फ्ल्याटको नाप सहितको नक्शा बमोजिमको घर हुनुपर्ने।
- घरको फोटो र घरको स्वीकृत नक्शाको फोटोकपी।
- लालपूर्जा तथा घरधनीको नागरिकताको फोटोकपी।
- व्लु प्रिन्ट र जग्गाको कित्तानं. स्पष्ट खुल्ने गरी मालपोत कार्यालयबाट लिएको सम्बन्धित कित्ताको ट्रेस नक्सा।
- चालु आ.व. को घरजग्गा कर तिरेको रसिद/निस्साको फोटोकपी।
- सिलबन्दी निवेदन दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन दर्ता गरिनेछ।
- माथि उल्लेखित स्थानमा दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु अन्तिम दिनको २:०० बजे यस विभागको कार्यालयमा खोलिनेछ। प्रस्तावकहरुको अनुपस्थितिमा समेत प्रस्ताव खोल्न बाधा पर्नेछैन।
- घरभाडामा दिने न्यूनतम अवधि खुलाईएको तथा सो अवधि पछि घरभाडा सम्झौता नवीकरण गर्न सकिने व्यवस्था स्पष्ट रुपमा खुलाइएको।
- प्रस्तावित घर कुनै प्रकारको झै- झगडा तथा मुद्दा मामिला नभएको भनी घरधनीको हस्ताक्षर सहितको स्व: घोषण पत्र।
- खुला क्षेत्रमा अस्थायी टहरा बनाउन मिल्ने/नमिल्ने खुलाएको।
- प्राप्त भएको प्रस्ताव पूर्ण तथा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस विभागमा निहित रहनेछ।


प्रस्ताव पेश गर्ने ठेगाना :
नेपाल विद्युत प्राधिकरण
सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग
मातातिर्थ, काठमाण्डौं।
फोन नं. ०१-५९०२०१५
Email : ssemd@nea.org.np